प्रदेश सरकार
प्रदेश नं. २
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मलंगवा, सर्लाही

फोन न. : ०४६-५२०१३०
: ०४६ -५२००३०
Email : sarlahiakc@gmail.c0m
Webside : sarlahi.akc.gov.np

पत्र सख्या:: २०७८/०७९
चलानी न. :

मिति २०७८।०६।०१

**विषय : कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गर्ने सम्वन्धि सुचना**

कृषि ज्ञान केन्द्र सर्लाहीको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले ईच्छुक सेवाग्राहीहरुले तोकिएको म्याद भित्र आवश्यक कागजातहरु सहित यस केन्द्रमा प्रस्तावना पेश गर्न यो सुचना प्रकासित गरीएको छ ।

तपसिल:

| सि. न. | सुचना नं. | कार्यक्रमको नाम | अधिकतम अनुदान % | लक्षित सेवा ग्राही | प्रस्ताव पेश गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | १/ २०७८-०७९ | कृषि यन्त्र उपकरणमा अनुदान | कार्यक्रम नर्मश अनुसार | कृषक /कृषक समुह/कृषि सहकारी/ कृषि उद्यमी/कृषि फर्म | ३० दिन (२०७८।६।३१ भित्र) |
| २ | २/ २०७८-०७९ | माहुरी उत्पादन तथा बजारीकरणमा सहयोग अनुदान | ५० | कृषक समुह/कृषि सहकारी/ कृषि/ उद्यमी/कृषि फर्म ( कम्तीमा १०० मौरी घार गोला हुनु पर्ने ) | १५ दिन (२०७८।६।१५ भित्र) |
| ३ | ३/ २०७८-०७९ | पुष्प उत्पादन प्रवृधि अवलम्बन सहयोग | ५० | कृषक /कृषक समुह/कृषि सहकारी / कृषि उद्यमी/कृषि फर्म ( कम्तीमा १० कठा जग्गामा खेति गर्नु पर्ने ) | १५ दिन (२०७८।६।१५ भित्र) |
| ४ | ४/ २०७८-०७९ | स्यालोटयुवबेल/पम्प सेट/मोटर जस्ता साना सिंचाई पूर्वाधारमा अनुदान | ८५ | कृषक /कृषक समुह/कृषि सहकारी/ कृषि/ उद्यमी/कृषि फर्म | १५ दिन (२०७८।६।१५ भित्र) |
| ५ | ५/ २०७८-०७९ | बगर खेतिमा सहयोग | ५० | कृषक समुह/कृषि सहकारी/ कृषि उद्यमी/कृषि फर्म ( कम्तीमा ३ विग्हा जग्गामा खेति गर्नु पर्ने ) | १५ दिन (२०७८।६।१५ भित्र) |
| ६ | ६/ २०७८-०७९ | फलफुल तथा तरकारी ( ओल,बेसार, प्याज,लसुन,सोहजन, केरा,मेवा, अम्वा, ) को व्यवसायीक/मोडेल खेतिमा अनुदान | ५० | कृषक समुह/कृषि सहकारी/ कृषि उद्यमी/कृषि फर्म ( कम्तीमा १ विग्हा जग्गामा खेति गर्नु पर्ने ) | १५ दिन (२०७८।६।१५ भित्र) |
| ७ | ७/ २०७८-०७९ | च्याउ तथा च्याउ विउ उत्पादनमा सहयोग | कार्यक्रम नर्मश अनुसार | कृषक /कृषक समुह/कम्पनी/ कृषि सहकारी/ कृषि फर्म | १५ दिन (२०७८।६।१५ भित्र) |



२०७८।६।१

कमलदेव प्रसाद कुशवाहा
निमित्त प्रमुख

प्रदेश सरकार
प्रदेश नं. २
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२०१३०
: ०४६ -५२००३०
Email : sarlahiakc@gmail.c0m
Webside : sarlahi.akc.gov.np

पत्र सख्या:: २०७८/०७९
चलानी न. :

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१. कार्यालयले तोकेको ढाँचामा रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन तथा कार्यक्रम संचालनको औचित्य आवश्यक्ता सम्वन्धी आवधारण पत्र ।
२. निवेदकको नागरीकता /परीचय खुल्ने प्रमाण पत्रको फोटोकपी ।
३. कृषक समुह /कृषि सहकारी/ संस्थ /कृषि फर्म कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरीकता प्रमाण पत्रको फोटोकपी तथा अख्तियारी पत्र ।
४. कृषक समुह /कृषि सहकारी/ संस्था र साझेदार कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धी निर्णयको फोटोकपी ।
५. माँग गरेको आयोजनाको लागि आवश्यक जग्गाको लालपुर्जा /स्वामित्व खुल्ने कागजातको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र कम्तीमा ५ वर्षको सम्झौता पत्र/मन्जुरीनामा समेत ।
६. माँग गरेको आयोजनाका संचालन हुने जग्गाको ब्लु प्रिन्ट वा कम्पयुटर प्रिन्ट नक्शा
७. कृषक समुह /कृषि सहकारी/ संस्थ/ कृषि फर्म /कम्पनीको हकमा दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर, कर चुक्ता प्रमाण तथा कृषकको हकमा स्थायी लेखा नम्वरको फोटोकपी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
८. सम्वन्धीत स्थानिय तह वा कृषि प्राविधिकको आयोजना संचालनको लागि सिफारीस ।

**कार्यक्रमको शर्तहरु**

**१. कृषि यन्त्र उपकरणमा अनुदान**

- कृषक समुह, सहकारी, कम्पनिकृषि फम/कम्पनीको हकमा १० विग्हा जग्गा तथा कृषकको हकमा कम्तिमा ३ विग्हा जग्गाको जग्गाधनी प्रमाणपत्रको फोटोकपी ।
- ट्रयक्टर द्वारा संचालित उपकरणको हकमा सम्वन्धित आवेदकको आफ्नो नाममा रहेको सवारी दर्ता प्रमाण पत्र ।
- बीउ प्रशोधन यन्त्रको हकमा बीउ व्यवसायी/कम्पनी सहकारी दर्ता प्रमाण पत्र बीउ बीजन बिक्रेता प्रमाण पत्र, श्रोत बीउ खरीद गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

**२. स्यालोटयुववेल/पम्प सेट/मोटर जस्ता साना सिंचाई पूर्वाधारमा अनुदान**

- स्यालो टयुववेल बाट सिंचाई हुने खेतीयोग्य जग्गाको हकमा १५० मिटर अर्धव्यास भित्र २ विग्हा, माछापालनको लागि १.५ विग्हा नर्सरीको लागि ५ कट्ठा जग्गा आवश्यक पर्नेछ ।
- माँग गरेको आयोजना संचालन हुने जग्गाको ब्लु प्रिन्ट वा कम्पयुटर प्रिन्ट नक्शा ।

नोट :

- जग्गा धनी प्रमाण पत्र र सवारी दर्ता प्रमाण पत्रको हकमा नोटरीबाट प्रमाणित गराई पेश गर्नु पर्ने छ ।
- विगत दुई आर्थिक वर्ष भित्र माँग गरेको कार्यक्रम अन्तर्गत सुविधा पाई सकेकालाई प्राथमिकता दिने छैन ।
- व्यवसायिक च्याउ उत्पादन गर्नेलाई प्राथमिकता दिने छ ।
- गत आ.व.मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्वन गरेको, व्यवसायिक खेति गर्ने व्यक्ति /संस्थालाई प्राथमिकता दिईनेछ ।
- रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गराईने छैन ।
- बिस्तृत जानकारीको लागि कृषि ज्ञान केन्द्र सर्लाहीमा सम्पर्क गर्नु होला तथा कार्यालयको वेवसाईट www.sarlahi.akc.gov.np भिजिट गर्न सकिन्छ ।

कमलदेव प्रसाद कुशवाहा
निमित्त प्रमुख